जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९          स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०          अंक २५४          २०७८ साल असार १५ गते मंगलबार (29 June 2021 Tuesday)          मूल्य रु. ५/-

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : महिला हिंसाको कारण ... ३ पृष्ठमा : चुरे संरक्षणमा चुनौती बन्दै ... ३ पृष्ठमाचीनमा विश्वकै दोस्रो ठूलो...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशबण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रदेश २ मा १४ लाख भन्दा बढी बोटबिरुवा रोपिदै



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सोमबारदेखी प्रदेश २ को ८ वटै जिल्लामा प्रदेश हरित अभियान २०७८ को सुरुवात भएको छ । स्वच्छ, समृद्ध तथा हरियाली प्रदेश बनाउने उद्देश्यले सो अभियानको सुरुवात गरिएको हो ।

सप्तरीको रुपनीस्थित सवडिभिजन वन कार्यालय परिसर तथा आसपासका क्षेत्रमा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले बोट रोपेर सप्तरी जिल्लामा अभियानको सुरुवात गरेका हुन् ।

बृक्षारोपण अभियानको शुभारम्भ गर्दै मन्त्री साहले अनियन्त्रित वन फडानीले जलवायु परिवर्तनमा प्रत्यक्ष प्रभाव पार्नुका साथै विभिन्न खाले माहामारी जस्ता विपद् ल्याउने भएकाले यसबाट जोसगन र प्रदेशलाई स्वच्छ, समृद्ध र हरियाली बनाउन अभियान थालिएको बताए ।

उनीसँगै आएका वन मन्त्रालयका उपसचिव हेमन्त साह, सामाजिक विकास मन्त्रालयका सचिव इमनारायण श्रेष्ठका साथै रुपनी गाउँपालिकाका प्रमुख हरेराम यादव, वनअधिकृत रामअशिष यादव लगायतले पनि विभिन्न जातका बिरुवा रोप्दै यसको संरक्षणमा जोड दिएका थिए ।

यता सिरहामा अर्थमन्त्री विजयकुमार यादव, महोत्तरीमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामनरेश राय र आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री सरोज सिंह कुशवाहा,

***बाँकी तीन पृष्ठमा***

# चटचाङ् लागेर दुईको मृत्यु

जलेश्वर, १४ असार (रासस) ।

वर्षासँगै परेको चटचाङ्ग लागेर मनरासिस्वा नगरपालिकामा दुई जनाको मृत्युभएको छ । मृत्युहुनेमा मनरासिस्वा वडा नं ४ साढा गाउँका प्रेमशिला देवी र वडा नं ५ कटैया गाउँका विशेश्वर राय छन् ।

जिल्ला प्रहरी कार्यालयक महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार ५० वर्षीया देवीको घर नजिकै खेतमा राखिएको धानको बीउमा मल राखिरहँदा र ८० वर्षीय रायको गाउँ नजिक भैसी चराउँदै गरेका अवस्थामा सोमबार विहान परेको चटचाङ्ग लागेर घटनास्थलमा नै मृत्युभएको थियो ।

# बुधबारदेखि भारी वर्षा हुने

काठमाडौं, १४ असार (रासस) ।

जल तथा मौसम विज्ञान विभागले आगामी बुधबारदेखि मनसुन थप सक्रिय हुने प्रक्षेपण गरेको छ । देशको पूर्वी तथा मध्यभागमा बुधबारदेखि मनसुनी गतिविधि बढ्ने विभागले जनाएको छ ।


विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले अहिले अलि-अलि मात्र सक्रिय मनसुन आगामी बुधबार मध्याह्नदेखि देशको पूर्वी तथा मध्य भू-भागहरूमा सक्रिय भएर वर्षा हुने सम्भावना देखिएको बताउनुभयो । उहाँका अनुसार अब सक्रिय हुने मनसुनले प्रदेश १, प्रदेश २, वाग्मती र गण्डकी प्रदेशका


***बाँकी अन्तिम पृष्ठमा***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## सम्पादकीय

# सुँगुर व्यवस्थापना आवश्यक

राजविराज नगरपालिका क्षेत्रभित्र सडक अतिक्रमण बढ्दै जाँदा अहिले यसलाई व्यवस्थित गर्न नगरपालिका लागिपरेको छ भने सुँगुर आतंक भने जस्ताको त्यस्तै रहेको छ । सुँगुरहरुलाई व्यवस्थापन गर्न अहिले सम्म कुनै पहल भएको देखिन्न् । यसले गर्दा नगरवासीलाई अफ्ठ्यारो त हुँदैछ विभिन्न कठिनाई समेत भएको छ ।

सुँगुरहरुले जताभावी फोहर गर्ने तथा खन्ने काम गर्दै आउँदा नगरको सफा स्थल समेत फोहर बन्दैछ । बाटोमा हिडिरहँदा एक्कासी सुँगुर प्रवेशले गर्दा बटुवाहरुलाई भाग्न धौं धौं हुने गरेको छ । नगरपालिकाले समयमै यस्ता विषयमा ध्यान नदिए व्यवस्थित हुँदै गएको नगरपालिका पुनः अव्यवस्थित हुने कुरामा शंका छैन् ।

सडकमा अवरोध गर्ने जोसुकैलाई कार्वाही गर्न नेपाल सरकारले स्थानीय प्रशासनलाई निर्देशन दिइसकेपनि नगरभित्र खुल्लेआम सुँगुर हिड्ने प्रवृतिमाथी नगरपालिकाले कसरी समाधान गर्ने ? यो एउटा विशेष चुनौतीकै रुपमा नगरपालिकामाथी थपिएको छ । तसर्थ यसलाई गम्भिरतापूर्वक नगरपालिकाले लिनु पर्दछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिला हिंसाको कारण र न्यूनीकरण



डा. डीआर उपाध्याय

महिला भएकै कारण भोग्नुपरेका विभेद, अन्याय तथा अन्य शारीरिक तथा मनोवैज्ञानिक आघात नै महिला हिंसा हो । कतिपय हिंसाहरू त यस्ता छन् जुन पीडितले आफूमाथि हिंसा भइरहेको छ भन्नेसमेत भेउ पाएका हुँदैनन् । तसर्थ विभिन्न रूपमा महिलामाथि हिंसा भएको देख्न सकिन्छ । नेपालमा पनि महिला हिंसाको घटनाहरू प्रशस्तै हुने गरेका छन् । यसको मुख्य कारण सामाजिक, सांस्कृतिक संरचना र कानुनी दुवै रहेको देख्न सकिन्छ ।

बलात्कार, दाइजो प्रथा, बोक्सीको आरोप, छाउपडी प्रथालगायतका घटनाहरू सर्वत्र भइरहेका र बारम्बार दोहोरिने घटना हुन् । यसबाहेक पनि महिला हिंसाका अनेक किस्साहरू रहेका हुन्छन् जसको चर्चा कमै मात्र भएको देखिन्छ । अझ दुःखदायी कुरा त के छ भने महिलाहरू आफ्नै घरपरिवारबाट सबैभन्दा बढी हिंसाको शिकार बनेका छन् । यस्ता घटनाहरू अज्ञानताका कारण बारम्वार दोहोरिने गरेको पाइन्छ । जसमध्ये बलात्कार पनि ज्वलन्त समस्या र जघन्य अपराधका रूपमा देखा परेको छ ।

कतिपय महिलाहरू आफ्नै श्रीमान्बाट बलात्कृत भइरहेका छन् । तर, ती अधिकांश घटनाहरू गुपचुपमै रहन्छन् । त्यसैगरी तराई मधेसमा दाइजोको कारण पनि थुप्रै महिलाहरूले शारीरिक, मानसिक यातना मात्र बेहोर्नुपरेको छैन कतिपयले त मृत्युवरणसमेत गर्नुपरेको दर्दनाक अवस्था छ । त्यसैगरी ग्रामीण भेगमा बोक्सीको आरोपमा पनि महिलामाथि दुर्व्यवहार हुने गरेको छ ।

कथित तल्लो जात तथा एकल महिलालाई बोक्सीको आरोप लगाएर अनेक यातना दिई मलमुत्र खुवाउनेसम्मका अति निकृष्ट क्रियाकलाप पनि हाम्रै समाजमा भइरहेका छन् । छोरा र छोरी जन्मिने प्रक्रिया र त्यसको निर्धारण पुरुष क्रोमोजोममा भर पर्ने भए पनि छोरा नजन्माएको भनेर महिलालाई नै अपमानित गर्ने गरिएको छ । यस्ता अनुचित सोच, परम्परा तथा प्रथालाई तोडेर हाम्रो समाज अगाडि बढ्नुपर्नेमा अपेक्षित प्रगति हुन सकिरहेको छैन ।

अशिक्षित वर्गका त कुरा छाडौं समाजमा शिक्षित भनेर कहलिएकाहरू पनि महिला हिंसाका मतियार बनेका छन् । कुनै न कुनै किसिमले श्रीमतीभन्दा श्रीमान् श्रेष्ठ भन्ने दिमागका भित्तामा टाँसिएर बसेको हुँदा महिलाहरू पीडित बन्नुपरेको छ । पुरुषहरूमा शोषक मनोवृत्तिको 'सांस्कृतिक विरासत' पनि छ । घर परिवार मात्र होइन सार्वजनिक स्थल तथा कार्यालयमा समेत महिलाहरू असुरक्षित छन् । महिलाहरू कार्यलयमासमेत आफू सुरक्षित नभएको महसुस गर्छन् ।

पुरुषप्रधान संस्कारको अवशेष बाँकी रहेकाले शिक्षित भनिएका पुरुषहरू पनि अनजानमा महिलामाथि हिंसा थोपरिरहेका छन् । चेतनशील महिला पनि कुनै न कुनै तरिकाबाट विभेदको शिकार हुनुपरेको छ । थुप्रै कानुनी व्यवस्था र चेतनाको विस्तारले पनि विभिन्न स्वरुपमा महिला हिंसा भइरहनु निकै गम्भीर सवाल हो । महिला हिंसा न्यूनीकरण र निर्मूल पार्ने उद्देश्यले विभिन्न संघसंस्था र अधिकारकर्मीहरू पनि सक्रिय छन् । थुप्रै बजेट खर्च गरेर विभिन्न समारोह तथा गोष्ठी पनि हुने गर्छन् । तर पनि तिनै अधिकारकर्मीहरू पनि कोही आफैं पीडक र कोही पीडित भइरहेको देख्न सकिन्छ । यस्ता गोष्ठी तारे होटलमा मात्र सिमित भएर महिला हिंसा रोकिदैन । समाजका बस्ती बस्तीमा गएर जनचेतना जगाउने खालका कायक्रम सञ्चालन गर्नु आजको आवश्यकता देखिन्छ ।

अहिले बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूले विकृत रूप लिइरहेको देखिन्छ । घर, कार्यस्थल, विद्यालय, बाटोघाटो, मेलापात सबैतिर महिलाले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने अवस्था सिर्जना भएको छ । पछिल्लो समय इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले महिला हिंसालाई बढावा दिएको छ । पीडित महिलाका उजुरीका आधारमा यस्ता घटनाहरू बाहिर आउने गर्दछन् । जसमा कतिपय अपराधीहरू फेला नै पर्दैनन् र पक्राउ परेकाले पनि फितलो कानुनका कारण छिट्टै उन्मुक्ति पाउँछन् । यसले गर्दा पनि अपराधीको मनोवल बढेको देखिन्छ र यस्ता घटना बारम्बार दोहोरिने गर्छन् ।

महिला हिंसा रोक्न राज्य र सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने अवस्था देखिएको छ । त्यसका लागि चेतना वृद्धि गर्ने, महिलाहरू आफ्ना अधिकारका विषयमा जागरुक बन्नुपर्ने, अन्यायको प्रतिवाद गर्ने, कडा कानुनी प्रबन्ध र त्यसको अक्षरशः कार्यान्वयन गर्नुपर्छ । कानुन संशोधन गरेर भए पनि बलात्कारी तथा अपराधीलाई हदैसम्मको कारवाही गर्ने कानुन बनाउनुपर्छ । कठोर सजाय पनि हिंसा नियन्त्रणको एउटा उपाय हो जसले अपराधीको मनोबललाई निरुत्साहित पार्दछ ।

कतिपय यस्ता घटना छिपिएका र दविएका पनि छन् । वास्तविक दोषीलाई पक्राउ गर्न पनि कठिन भएको छ । अनुसन्धान गर्ने हाम्रा नेपाल प्रहरी दक्ष नभएका होइनन् । बलात्कारको सूचना पाउँदा समयमै घटनास्थल पुग्छन । तर, परिणाम के हुन्छ भने दोषी पक्राउ परे पनि विभिन्न दवाव र प्रभावले उन्मुक्ति पाउँछ । शान्ति सुरक्षाको दायित्व लिने नेपाल प्रहरीको प्रभावकारिता अझै बढेर जानुपर्छ । कानुनको कार्यान्वयन पक्षमा अझ जोड दिनुपर्छ । जनचेतनाको अभाव र आपराधिक मनोवृत्तिका कारण यस्ता घटनाहरू बारम्वार दोहोरिरहेका हुन्छन् । अब यस्ता घटनाहरू घट्न नदिने र कथं कदाचित् भइहालेमा दोषीलाई कठोर सजाय दिलाएर अरुलाई पनि निरुत्साहित पार्नुपर्छ । अपराधीको मनोबल बढ्ने कुनै किसिमका क्रियाकलाप गर्नुहुँदैन ।

नैतिक शिक्षाका माध्यमबाट पनि चरित्रवान् नागरिक तयार हुन सक्छन् । त्यसैले हाम्रो शिक्षा प्रणालीमा पनि यस्ता विषयतर्फ फेरि मनन् गर्नुपर्ने बेला आएको छ । असल र सभ्य नागरिकले नै समाजलाई अघि बढाउछ । समाजमा लुकेका र लुकाइएका हिंसाजन्य घटनाहरू प्रशस्त मात्रमा सुनिन्छन् । राज्य संयन्त्र पनि यस्ता घटनाप्रति धेरै जिम्मेवारी बन्नुपर्छ । सञ्चार माध्यम पनि यस्ता विषयमा अझ बढी चनाखो र जिम्मेवार बन्नुपर्छ । सञ्चार माध्यम भनेका समाजका ऐना हुन् । तसर्थ समाजमा अन्याय अत्याचारमा परेका वास्तविक तस्वीरलाई प्राथमिकताका साथ उतार्नुपर्छ ।

सर्वत्र मानव सभ्यतालाई कलङ्कित र स्तब्ध पार्ने यस्ता घटनालाई सरकारले गम्भीर रूपमा लिनुपर्छ । एउटा महिलाको असल भूमिकाले राष्ट्र, समाज र घर सभ्य र सुसंस्कृत हुन्छ । महिला अधिकारसम्बन्धी कानुन बनाइएको छ तर व्यवहारमा केही लागु भएको देखिदैन । संविधानमा मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्रै कानुनी व्यवस्था गर्ने उल्लेख छ तर संविधान जारी भएको पाँच वर्षसम्म पनि कतिपय कानुन बन्न नसक्नु विडम्बना हो । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूलको कानुन निर्माण गर्नुपर्छ । महिला भएका कारण विभेद र असमानता भोग्नु नपर्ने कुरा संविधानमा लेखिएको छ । मौलिक हकअन्तर्गत 'महिलाको हक'ले महिलामाथि कुनै पनि प्रकारको हिंसाजन्य कार्य वा शोषण र लैंगिक भेदभाव नहुने, समान वंशीय र सम्पत्तिमा हक हुनेलगायत व्यवस्था गरेको छ तर तदनुकूलको कानुन आजसम्म बनेको छैन । 'महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने' व्यवस्था संविधानमा छ । राष्ट्रपति नै महिला भएको मुलुकमा बलात्कार, बलात्कारपछि हत्या, शारीरिक तथा मानसिक हिंसा घटनाहरूमा कमी नआउनु पनि दुखद् कुरा हो । बलात्कार, बलात्कारपछि हत्या, बोक्सीको आरोप, दाइजोका नाममा कुटपिट, एसिड आक्रमणले घाइतेलगायत महिला हिंसाका दर्जनौं घटना दैनिकजसो बढिरहेका छन् । नारी वर्गमाथि भेदभाव, शोषण र अन्याय-अत्याचार छ । महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन भेदभाव पूर्ण रूपमै निर्मूल हुनुपर्छ । राज्यका हरेक निकायमा महिलाको संख्या बढेको छ । संघीयदेखि प्रदेश र स्थानीय तहसम्म महिलाको उपस्थिति तीव्र छ तर हिंसाका घटना किन बढिरहेका छन् ? प्रविधिको यति ठूलो विकास हुँदा पनि समस्या समाधानमा क्रियाशील नहुने हो भने महिलामाथिको विभेद कहिल्यै अन्त्य हुन सक्दैन । साइबर कानुन प्रभावकारी नबनाउने हो भने हिंसाका घटना झन् बढ्ने छन् । महिलाले पनि पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार व्यावहारिक रूपमै पाउनुपर्छ । महिला हिंसा हुन नदिन गाउँगाउँमा जनचेतना फैलाउन आवश्यक छ । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूल कानुन निर्माण गर्नुपर्छ ।

# हुलाकी सडक : बलान र कमला नदीमा पुल निर्माण, सडक कालोपत्र तीव्र गतिमा

लहान, १४ असार (रासस) ।

लामो समयको प्रतीक्षापश्चात् पूर्वपश्चिम हुलाकी राजमार्गअन्तर्गत सिरहाको बलान नदी र कमला नदीमा पुल निर्माण भएपछि स्थानीयवासी हर्षित बनेका छन् । हुलाक सडकअन्तर्गत सिरहा र सप्तरी जोड्ने बलान नदी तथा सिरहा र धनुषा जोड्ने कमला नदीमा पुल निर्माण भएर सञ्चालनमा आएपछि स्थानीयवासीमा उत्साह बढेको हो ।

विगत एक दशकदेखि निर्माणाधीन दुवै नदीको पुल निर्माण कम्पनीको लापरबाहीका कारण अलपत्र परेको थियो । उक्त दुवै पुल निर्माणका लागि पटकपटक स्थानीयवासीले धर्ना तथा अनशनसमेत बसेका थिए ।

निरन्तरको दबाब र धमाधम हुलाकी सडक कालोपत्र हुन थालेपछि निर्माण कम्पनीले पुल निर्माण अन्तिम चरणमा पुऱ्याएको सिरहाको भगवानपुरका स्थानीयवासी शिवदयाल यादवले जानकारी दिनुभयो । अहिले बलान खोलको पुल ९० प्रतिशत सम्पन्न भएकाले पुलमाथिबाट आवतजावतसमेत पुनः सञ्चालन भइसकेको उहाँको भनाइ छ ।

"पुल नहुँदा वर्षौंदेखि वर्षायाममा सर्वसाधारणले जोखिमपुर्ण यात्रा गर्दै आएका थिए", भगवानपुरका अर्का स्थानीयवासी सरोज साहले भन्नुभयो, "ढिलै भए पनि वर्षायामको शुरुआतमै पुल निर्माण करीब सम्पन्न भएका छन्, जसका कारण यस वर्ष आवातजावत सहज भएको छ ।"

यस्तै निर्माण शुरु भएको करीब १० वर्षपछि सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीमा पनि पुल निर्माण अन्तिम चरणमा पुगेको छ । कूल ४७० मिटर लम्बाइ र ११ मिटर चौडाइको सो पुल निर्माणको करीब ९५ प्रतिशत काम सम्पन्न भइसकेको र बाँकी पाँच प्रतिशत कामसमेत असार महिनाभित्रै सकिने ठेकेदार निर्माण कम्पनी पप्पु लुम्बिनी बिल्डर्सका इन्जिनीयर सूर्यप्रकाश शर्माले जानकारी दिनुभयो ।

निर्माण गरिएको पुलको रेलिङ निर्माण र फिनिसिङको काम भइरहेको जानकारी दिँदै इन्जिनीयर शर्माले यही महिनाभित्र लिङ्क रोडको कामसमेत सकिने बताउनुभयो । साथै पुल नजीकै तटबन्ध निर्माण गरेर नदीको

*बाँकी तीन पृष्ठमा*

# चुरे संरक्षणमा चुनौती बन्दै क्रसर उद्योग

धनुषा, १३ असार (रासस)।

मापदण्ड विपरित खुलेका क्रसर उद्योगका कारण चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ।

वन, वनस्पतिलगायत जैविक विविधताका दृष्टिकोणले समृद्ध मानिने चुरे शृंखलाबाट बगिने नदीनालाको अत्यधिक दोहन तथा ढुंगा, गिट्टी, बालुवाको वैध/अवैध रूपमा उत्खनन तथा सङ्कलन गर्ने काम बढ्दै गएकाले चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको हो।

समुन्द्री सतहदेखि ६१० मिटर उचाइबाट शुरु भएर १८७२ मिटर उचाइसम्म फैलिएको भू-क्षेत्रलाई चुरे क्षेत्र भनिन्छ। चुरे क्षेत्र जैविक र प्राकृतिक दृष्टिकोणबाट अति नै महत्वपूर्ण र उपयोगी क्षेत्र हो। हावापानी समशितोष्ण किसिमको भएकै कारण यहाँ विभिन्न प्रजातिको वन्यजन्तु पाइन्छन्। यहाँ साल, सिसौं, खयर, अमला, हर्रो, बरोंजस्ता औषधिजन्य बहुउपयोगी बिरुवा पनि प्रशस्त पाइन्छ।

चुरे जैविक विविधता तथा प्राकृतिक सम्पदाको कमजोर भू–बनोटका कारण चुरे बनलाई एक संवेदनशील क्षेत्रको रूपमा लिने गरिन्छ। यो भौगोलिक, प्राकृतिक र जैविकलगायत सम्पूर्ण क्षेत्रबाट बहुउपयोगी मानिन्छ। तराईको उर्वर भूमिलाई सिंचित गर्नका लागि पानीको मूल श्रोतको रूपमा रहेको चुरे वन क्षेत्र नेपालको ठूलो जनसङ्ख्याको जनजिविकाको मुख्य आधार स्रोत हो।

बढ्दो जनघनत्वका कारण वन पैदावारमा अत्यधिक चाप रहेकाले चुरे वन विनाश बढेको छ। क्षयीकरणले पर्यावरणीय समस्यासमेत देखा पर्न थालेको छ बेलैमा सतर्कता नअपनाइए प्रदेश नं २ ले पर्यावरणीय सङ्कट भेल्नुपर्ने अवस्था आउन सक्ने विज्ञको चेतावनी छ। सरकारले चुरे संरक्षणका लागि लाखौं रुपैयाँ खर्च गर्ने गरेको भए पनि वन जङ्गल र खोला किनारमा अवैध रूपमा खुल्ने गरेका क्रसर उद्योगका कारण चुरे संरक्षणमा चुनौती बन्दै गएका छन्।

धनुषा र महोत्तरीको सिमानामा रहेको रातु खोला किनारमा मात्रै वरिपरि गरी ५ वटा क्रसर उद्योग अवैध रूपमा सञ्चालनमा छन्। अवैध रूपमा बालुवा, गिट्टी उठाउने गरेका कारण वनजङगल विनास भइरहेको छ। सरोकारवाला निकाय यसलाई रोक्नका लागि गम्भीर नेदेखिएका कारण समस्या झन बढ्दै गएको छ। वन विनास अत्यधिक रूपमा बढेको छ भने क्रसर उद्योगले जथाभावी रूपमा नदीबाट बालुवा, गिट्टी निकाल्ने गरेका छन्। क्रसर उद्योगका कारण तटबन्ध जोखिममा परेको छ। रोक्नुपर्ने निकायले नै ती उद्योगसँग लाभ लिँदा समस्या देखिएको हो। किसाननगरका रीता भट्टराईले खोला किनारमा रहेको क्रसरले बालुवा लिएर जाँदा आफ्नो घरमा समेत बालुवा पसेको बताइन्। उनले भनिन्, "राति राति बालुवा ओसार्दा हैरान भएको छु। जथाभावी बालुवा झिक्दा तटबन्ध नै भत्किने खतरा बढेको छ।"

**मापदण्ड विपरित क्रसर उद्योग**

क्रसर उद्योग सञ्चालन गर्दा घरेलु तथा साना उद्योग कार्यालयले तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि ५०० मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, साँस्कृतिक परातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनावस्तीदेखि २०० मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्छ। तर, मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालन गरिएका छन्। घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयवासीको आरोप छ।

**नदीनालाको अनियन्त्रित दोहन**

खोला उत्खनन गरी ढुङ्गा, गिट्टी, बालुवा, जिल्लाबाहिर तथा भारतसमेत निकासी हुने गरेको छ। तत्कालीन जिल्ला विकास समिति र अहिले स्थानीय तह नगरपालिका र गाउँपालिकाले आन्तरिक आम्दानीका लागि खोला ठेक्का लगाउने र एक्साभेटर जेसिभी प्रयोग गर्न दिने, उद्योगको नियमन गर्ने जिम्मा पाएको घरेलु तथा साना उद्योग कार्यालय, हालको स्थानीय सरकार, जिल्ला समन्वय समितिले कानूनी अधिकार प्रयोग नगर्दा खोलाको दोहन नरोकिएको बताइएको छ। चुरे क्षेत्रबाट अनियन्त्रित तरिकाले उत्खनन् गरिएपछि नदी तथा खोलाको बहाव परिवर्तन हुने सम्भावना देखिएको छ।

**भूक्षयीकरणले पर्यावरणीय समस्या उत्पन्न**

सामुदायिक वन उपभोक्ता महासङ्घ महोत्तरीका अध्यक्ष कुमार घिमिरेले चुरे क्षेत्रमा जथाभावी रूपमा बढेको क्रसर उद्योगका कारण तराईमा भू-क्षयको जोखिम उच्च रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यसलाई रोक्न ठोस नीतिको आवश्यकता छ भने अवैध रूपमा सञ्चालित क्रसर उद्योगलाई तत्काल बन्द गर्नुपर्छ।" पाँचवटा खोला प्रणाली जलाधार क्षेत्रको (पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोला) अध्ययनको सिलसिलामा प्राप्त तथ्याङ्कका आधारमा सामाजिक र आर्थिक प्रभाव मूल्याङ्कन गरिएको छ। तावा खोलाको बहावका कारण बर्सेनी दुई तीन जनाले ज्यान गुमाउनु परेको देखिन्छ। खोला तटीय क्षेत्रका प्रभावित पाँच प्रमुख सूचनादाता किसानको २ सय ३६ कट्ठा जमिन बगर भएको छ भने वार्षिक रूपमा ६ लाख ४० हजार मूल्य बारबरको बालीनाली क्षति हुने गरेको छ। यसको आधारमा ती खोलाहरूको सन् १९९४ र २०१० बीचको भूउपयोग परिवर्तन विश्लेषणबाट अनुमानित कूल ४ हजार ३ सय ८९ हेक्टर अर्थात् १ लाख ३१ हजार ६ सय ७० कट्ठा कृषि जमिन कटानडुबान भई रु.४६ करोड ६९ लाख २४ हजार ५ सय वार्षिक क्षति हुने गरेको अनुमान छ।

**महोत्तरीमा चुरे**

महोत्तरीमा चुरे भूभाग बर्दिवास नगरपालिका क्षेत्रमा पर्दछ। यस क्षेत्रबाट मुख्य रातो र मड्हा गरी २ नदी प्रणाली गरेको छ। रातो नदी प्रणालीमा बर्दिवास र जलेश्वर नगर क्षेत्रसहित पशुपतीनगर, सीतापुर, हत्तिसर्वा, सिंग्याही, लोहारपट्टी, बगडा, बनौटा, सरपल्लो, साढा, गोनरपुरा, डाम्ही मड्ही, कोलुवा बगेवा, अङ्कार ग्रामीण क्षेत्रहरू प्रभावित बनेको छ। यस क्षेत्रमा २९ हजार ३५८ घरधुरीका एक लाख ६३ हजार २३१ जना बसोबास गर्दछन्। रातु नदीको प्रभावित क्षेत्रमा १९ हजार २२३ हेक्टर कृषि क्षेत्र, छ हजार ३७० हेक्टर वन क्षेत्र र दुई हजार १२९ हेक्टर सार्वजनिक जग्गा पर्दछ।

त्यसैगरी मड्हा नदी प्रणालीमा खयरमारा, लक्ष्मिनीया, भरतपुर, फुल्काहा, सुन्दरपुर, खयरबनी र रघुनाथपुरजस्ता गाउँ पर्दछ। नदी प्रभावित क्षेत्रमा ११ हजार ५५७ घरधुरीका ६६ हजार ७५१ जना बसोबास गर्दछन्। १० हजार ८५९ हेक्टर वन क्षेत्र, १० हजार १८९ हेक्टर कृषि क्षेत्र र एक हजार ७४६ हेक्टर सार्वजनिक जग्गा यो क्षेत्रमा पर्दछ। यी क्षेत्रका बासिन्दाहरू जहिले पनि जोखिममा रहेका छन्। प्रत्येक वर्ष यस क्षेत्रमा जनधनको ठूलो क्षति हुने गरेको छ।

**के भन्छन् चुरे विज्ञ ?**

अहिले बस्ती-बस्ती सखाप पार्नेगरी बढेको बाढीको जोखिमको निदान शिरबाट नै खोज्नुपर्ने महोत्तरीकै भङ्गहा- ७ का बासिन्दा डा विजयकुमार सिंहले बताउनुभयो। चुरे विषयमै विद्यावारिधि गरेका सिंहले चुरे श्रृंखलामा बढेको अव्यवस्थित बसोबास, विकासका नाउँमा सडक विस्तार गर्न वैज्ञानिक अध्ययनबिना नै पहाड भत्काउने बढ्दो लहर, चुरे र नदीमा हुने निरन्तरको अनियन्त्रित उत्खनन, खोल्सी व्यवस्थापनमा देखिने उदासीनता र वन विनाश नै बाढी र पहिरोका मुख्य कारण बनेको उहाँको भनाइ छ। "अहिले त केही बस्ती जोखिममा रहेको, केही घर बाढीले लगेको र केही जग्गा कटान भएको समस्या सुन्दैछौं", डा सिंहले भन्नुभयो, "चुरे पहाडी शृंखला, नदी र वनमा हुने लुछाचुँडी तत्काल नरोकिने हो भने सिङ्गो भावर कटान र मधेश डुबानमा पर्नेछ, यहाँका उब्जाउ जग्गा बालुबुर्ज मरुभूमिमा परिणत हुनेछन्।"

यसैबीच चुरे शिखरसम्म भूगोल समेटिएको जिल्लाको एकमात्र बर्दिबास नगरपालिकाले अवैज्ञानिक र अनियन्त्रित उत्खनन हुने क्रम रोक्ने जनाएको छ। "विधि, प्रक्रिया र मापदण्ड नाघेर हुने/भएका उत्खनन रोक्न हामीले निर्णय नै गरेर कारवाही अघि बढाएका छौं", नगरप्रमुख विदुरकुमार कार्कीले भन्नुभयो, "स्थानीय प्रहरी प्रशासनको साथ पाए जथाभावी उत्खनन रोक्न सकिने हाम्रो विश्वास छ।"

नगरपालिकाले यस्तो प्रतिबद्धता जनाए पनि रातु नदी र नदी उकास क्षेत्रमा उत्खनन नरोकिएको यस भेगका बासिन्दा बताउँछन्। "खै यी खोला खन्ने ठेकेदार र क्रसर सञ्चालकको तारतम्य कताकता जोडिएको छ, बुझ्नै गाह्रो ?", पशुपतिनगरका बासिन्दा ललन मण्डलले भन्नुभयो, "नगरप्रमुखले अनियन्त्रित उत्खनन रोक्ने प्रतिबद्धता जनाउनु भए पनि डोजर, एस्काभेटर चल्न छाडेका छैनन्।" कागजले चेतावनी दिएर मात्र नभई अनियन्त्रित उत्खनन गर्नेलाई कारवाही प्रक्रिया मै लगिए मात्र यो क्रम नियन्त्रण हुन सक्ने उहाँको भनाइ छ। जिल्लाका १५ स्थानीय तहमध्ये बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा क्रसर उद्योग सञ्चालन हुँदै आएका छन्।

## प्रदेश २ मा...

सर्लाहीमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रामनरेश राय र महिला, बालबालिका तथा खेलकुदमन्त्री वीरेन्द्रकुमार सिंह, रौतहटमा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, बारामा अर्थराज्यमन्त्री उषाकुमारी यादव तथा पर्सामा उर्जा तथा खानेपानीमन्त्री ओमप्रकाश शर्माले अभियानको शुभारम्भ गरेका छन्।

राष्ट्रिय वृक्षारोपण दिवसको अवसर पारेर शुभारम्भ गरिएको सात दिवसीय अभियानअन्तर्गत आठ वटै जिल्लाको कूल ११ सय ३५ हेक्टर जग्गामा १४ लाख ४६ हजार ७ सय ९६ बिरुवा रोप्ने कार्यक्रम रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा. रामचन्द्र कडेलले जानकारी दिएका छन्।

## हुलाकी सडक : ...

धारसमेत परिवर्तन गराइसकेकाले साउनबाट पुल पूर्ण रूपमा सञ्चालनमा ल्याउने तयारी रहेको इन्जिनीयर शर्माको भनाइ छ।

छयसैबीच हुलाकी सडकअन्तर्गत सिरहा खण्डमा करीब १४ र सप्तरीमा १८ किलोमिटर सडक कालोपत्र सकिएको जनाइएको छ। पूर्वमा बलान नदीदेखि पश्चिममा सदरमुकाम सिरहा बजारसम्म करीब २९ किलोमिटरको उक्त सडकमा सिरहा नगरपालिका-१९ देखि बरियारपट्टि गाउँपालिकासम्मको करीब १४ किलोमिटर सडक कालोपत्र सकिएको सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द, रोशन, महादेव खिम्ती जेभी कम्पनीका कन्टचाक्ट म्यानेजर शशिकुमार यादवले जानकारी दिनुभयो। अन्य सडक खण्डमा समेत तीव्ररूपमा कालोपत्र भइरहेको जनाइएको छ।

दुई लेनको उक्त सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इन्जिनीयर चन्द्र यादवले जानकारी दिनुभयो। तीन वर्षभित्र काम सकिने गरी सम्झौता भएको र निर्धारित समयभित्रै सकिने गरी काम भइरहेको कम्पनीका म्यानेजर यादवले बताउनुभयो।

पूर्वराजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करीब १८ किलोमिटर सडक कालोपत्र गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका कन्टचाक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिनुभयो। बाँकी सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम सकिसकेको र धमाधम कार्य भइरहेको कन्टचाक्ट म्यानेजर यादवले बताउनुभयो। करीब २५ किलोमिटरको सो खण्डमा अहिले ११ पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ।

डिभिएम सात मिटर र दुवै छेउको सोलजर दुई/दुई मिटर गरी ११ मिटरको सडक निर्माण भइरहेको छ। विसं २०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका स्थानीयवासीले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हालेको र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृत रूपमा अघि बढाउन नसकिरहेको कन्टचाक्ट म्यानेजर यादवले सुनाउनुभयो।

मधेशकै लाइफ लाइनका रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम शुरु भएपछि सो भेगका सर्वसाधारणसमेत खुशी भएका छन्। हुलाकी सडक निर्माण भए पनि मधेशको विकासले गति लिनाका साथै हजारौं युवामा रोजगारीको अवसर सृजना हुने स्थानीयवासीको विश्वास छ।

हुलाकी सडक जीर्ण हुँदा सर्वसाधारण सास्ती बेहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहज रुपमै सदरमुकामसम्म पुग्न सकिने स्थानीयवासीको भनाइ छ।

# विश्व समाचार

## चीनमा विश्वकै दोस्रो ठूलो जलविद्युत आयोजना शुरु

बेइजिङ, १४ असार (रासस/एपी)।

चीनको दक्षिण पश्चिममा निर्माण गरिएको विश्वकै दोस्रो ठूलो जलविद्युत आयोजनाबाट सोमबार विद्युत परीक्षण उत्पादन शुरु भएको छ।

याङ्सी नदीको सहायक नदीका रुपमा रहेको जिन्सा नदीमा निर्माण गरिएको बाइहिटान बाँधबाट विद्युत उत्पादन हुनथालेको छ। जैविक इन्धनको खपत कम गरी वैकल्पिक र जलविद्युत उत्पादन मार्फत विद्युतको माग पूरा गर्ने चीनको योजना बमोजिम चीनमा ठूला जलविद्युत गृह निर्माण भइरहेका छन्।

यद्यपी जलविद्युत उत्पादनका लागि ठूला बाँध बनाउँदा पर्यावरणीय क्षतिमा चीनले पर्याप्त ध्यान नदिएको आरोप लाग्ने गरेको छ।

सन् १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापनाको एक सयौं वर्ष यसै साता मनाउने अवसरमा नयाँ विद्युत गृह निर्माणको घोषणा भएको छ।

बाइहेटान बाँधको उचाई २८९ मिटर अग्लो हुनेछ र १० लाख किलोवाट क्षमताका १६ वटा विद्युत उत्पादन जेनेरेटर जडान हुनेछन्। यो सन् २००३ मा चीनको याङ्जी नदीमै निर्मित थ्री गर्जेज बाँधपछिको दोस्रो ठूलो हो। थ्री गर्जेजको विद्युत उत्पादन क्षमता दुई करोड २५ लाख किलोवाट रहेको छ।

यी दुवै विद्युत आयोजना राज्य नियन्त्रित थ्री गर्जेज ग्रुप कर्पोरेसनले निर्माण गरेको हो। यो समूह जलविद्युत, सौर्य र वायु ऊर्जा उत्पादनमा विश्वकै सर्वाधिक ठूलो लगानीकर्ता हो।

विश्वका अन्य कतिपय मुलुकले जलविद्युत उत्पादनलाई त्याग्न थालेका छन् किनभने यसबाट समुदाय र खेतीपाती डुबानमा पर्ने तथा नदीको जैविकता विशृंखलित बनाउने तथा माछा र अन्य प्रजातिको अस्तित्वमा खतरा उत्पन्न हुने वातावरण्दचसविदहरुको चेतावनी दिइरहेका छन्।

चीनले उत्पादित विद्युतलाई शाङ्घाई र अन्य पूर्वीशहरमा उच्च गतिको प्रसारण लाइनबाट विद्युत लैजाने गरेको छ।

बाइहेटान विद्युतगृहबाट उत्पादित विद्युत उत्पादन पूर्ण क्षमतामा हुन थालेपछि बर्सेनि दुई करोड टन कोइलाको खपत कम हुने चिनियाँ अधिकारीले बताएका छन्।

## उत्तरी अफगानिस्तानमा सैनिक कारबाही, ११ तालिबानीको मृत्यु

काबुल, १४ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी बडाखसान प्रान्तमा शनिबार राति सेनाले गरेको कारबाहीमा कम्तीमा ११ जना तालिबानी लडाकू मारिएका छन्।

अफगानिस्तानको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा प्रान्तका विभिन्न भागमा भएका ती कारबाहीमा अरु १७ जना लडाकू घाइते भएका छन्।

मन्त्रालयले स्थानीय प्रतिरोध समूहसँग मिलेर सेनाले तिस्कान, बाहाराक, तगाब, किसिम र जुर्म जिल्लामा आइतबार राति कारबाही गरेको जनाएको छ।

तालिबानका डिभिजनल कमान्डर हम्जा पनि उक्त कारबाहीमा घाइते भएका छन्। सेनाले तालिबानी समूहका हातहतियार र गोलाबारुद पनि ध्वस्त पारिदिएको छ।

उक्त घटनाका बारेमा तालिबान समूहले भने कुनै प्रतिक्रिया जनाएको छैन। गत मे १ देखि अमेरिकी र नेटो सैनिक अफगानिस्तानबाट फिर्ता हुन थालेयता देशका विभिन्न भागमा हिंसात्मक घटना निकै बढेका छन्। तालिबान समूहसँग भएको सम्झौता बमोजिम करिब तीन हजार ५०० अमेरिकी र सात हजार नेटो सैनिक आगामी सेप्टेम्बर ११ अगावै स्वदेश फर्किनेछन्।

## भारतमा कोरोनाबाट एक हजारभन्दा कमको मृत्यु

नयाँ दिल्ली, १४ असार (रासस/सिन्ह्वा)।

गत २४ घण्टामा भारतमा ४६ हजार १४८ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएपछि कोरोना सङ्क्रमितको कूल सङ्ख्या तीन करोड २७ लाख नौ हजार ३३१ पुगेको छ।

सयै अवधीका भारतमा कोरोना सङ्क्रमणबाट ९७९ व्यक्तिको मृत्यु भएपछि यस प्रकोपबाट ज्यान गुमाउनेको संख्या तीन लाख ९६ जार ७३० पुगेको छ।

करिब दुई महिना आधायता २४ घण्टाको समयावधिमा भारतमा एक हजार भन्दा कम व्यक्ति कोरोना सङ्क्रमणबाट मृत्यु भएको जुन २८ मा पहिलो पटक हो। गत अप्रिल १४ मा भारतका कोरोना सङ्क्रमणबाट एक हजार भन्दा बढीको मृत्यु भएको थियो।

हाल भारतमा पाँच लाख ७२ हजार ९९४ जना सक्रिय सङ्क्रमित रहेका छन्। गत २४ घण्टाको समय अवधिमा ५८ हजार ५७८ व्यक्ति कोरोना सङ्क्रमणबाट मुक्त भएका छन्। भारतमा कोरोना शुरु भएदेखि हालसम्म दुई करोड ९३ लाख नौ हजार ६०७ व्यक्ति कोरोना मुक्त भएका छन्।

# लहान नगरपालिकाको बजेट करिब दुई अर्बः आँप पार्क निर्माणमा जोड

लहान, १४ असार (रासस) ।

सिरहाको लहान नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि कूल रु एक अर्ब ९४ करोड ४४ लाख १५ हजार ३९८ बजेट पारित गरेको छ ।

नगरसभाबाट पारित नीति तथा कार्यक्रमबारे जानकारी गराउने उद्देश्यले सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख मुनी साहले कूल बजेटमध्ये चालुतर्फ रु ८२ करोड ३९ लाख ४० हजार र पुँजीगततर्फ रु एक अर्ब १२ करोड ४ लाख ७५ हजार ३५८ रहेको बताउनुभयो ।

उहाँले आन्तरिक श्रोततर्फ रु ६२ करोड ११ लाख ८१ हजार, नगद आयतर्फ रु ४० करोड, सामानीकरण अनुदानतर्फ रु २२ करोड ३१ लाख, सशर्त अनुदान चालुतर्फ रु ३४ करोड ५२ लाख, सशर्त अनुदान पुँजीगततर्फ रु २ करोड २ लाख, विशेष अनुदान पुँजीगततर्फ रु २ करोड ८३ लाख, समपूरक अनुदान पुँजीगततर्फ रु १ करोड १४ लाख र राजस्व बाँडफाँडतर्फ रु १३ करोड ९६ लाख गरी कूल रु एक अर्ब ९४ करोड ४४ लाख १५ हजार ३९८ बजेट पारित भएको जानकारी दिनुभयो ।

बजेटमा नगरपालिकाको मुख्य बजारलाई कलर सिटी बनाउन रु एक करोड, कृषकलाई विद्युत् महसुल निःशुल्क गर्न रु ७० लाख, सार्वजनिक ऐलानी जग्गा नियन्त्रण, संरक्षण तथा विकासका लागि रु एक करोड, ज्येष्ठ नागरिक तथा एकल महिलाका लागि रु १० लाख, टोल विकास सुधार सञ्चालन परिचालनका लागि रु ३० लाख, उद्योग तथा कृषिमा आधारित युवा रोजगारका लागि रु २५ लाख र महिला उद्यम विकासका लागि रु १५ लाख विनियोजन भएको उहाँको बताउनुभयो ।

यसैगरी आँपको राजधानीका रूपमा चिनिएको लहानको पहिचानलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन 'आँप पार्क' निर्माण गर्ने नीति नगरपालिकाले लिएको छ। त्यस्तै एतिहासिक तथा धार्मिक पर्यटकीय पहिचान बोकेका सलहेश, राजदेवी, दिनाभद्री, ब्रहमान स्थान, देवीदहलगायत स्थानको संरक्षण, सम्वर्द्धन र विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुषालले जानकारी दिनुभयो ।

यसैगरी सिरहाको सुखीपुर नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि रु.४९ करोड ३३ लाख ६५ हजार बजेट पारित गरेको छ ।

## बुधबारदेखि...

अधिकांश भागमा भारी वर्षा गराउन सक्छ । यी क्षेत्रमा बाढी र पहिरोको सम्भावना रहेकाले त्यहीअनुरूप पूर्वतयारी गर्न पनि विभागले आग्रह गरेको छ । अहिले देशभर सामान्यदेखि पूर्ण बदली भइरहेको छ । प्रदेश १ र गण्डकी प्रदेशका थोरै स्थानमा भने पानी परिरहेको जनाइएको छ ।

विद्यालय भर्ना गराऔं, सधैं विद्यालय पठाऔं
विद्यालय भर्ना अभियान २०७८ सफल पारौं

सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, प्रदेश २

# प्रदेश नं २ मा ८४९ सीमास्तम्भ गायब

वीरगञ्ज, १४ असार (रासस) ।

प्रदेश नं २ को भारतसँग जोडिएको सीमा क्षेत्रमा रहेका ८४९ वटा सीमास्तम्भ हराएका छन् । प्रदेश २ को आठ जिल्लाअन्तर्गत भारतीय सीमासँग जोडिएको पूर्वको सप्तरी गोबरगाढादेखि पश्चिमको पर्सा जिल्लाको ठोरीसम्म ४६४ किलोमिटर क्षेत्रमा रहेका चार हजार २७ सीमास्तम्भमध्ये ८४९ वटा हराएका हुन् ।

सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी प्रदेश नं २ बर्दिबासका अनुसार प्रदेश २ को नेपाल-भारतबीच सीमा समस्झा ज्यूँका त्यूँ रहेको छ । बाहिनीका अनुसार प्रदेश २ को आठ जिल्लामा रहेका चार हजार २७ सीमास्तम्भमध्ये साबुतका दुई हजार ६४ सीमास्तम्भ रहेको, ७०४ वटा मर्मत गर्नुपर्ने, ३१९ वटा पूर्णरूपमा निर्माण गर्नुपर्ने, ९१ वटा सीमास्तम्भ खोलाले बगाएको र ८४९ सीमास्तम्भ हराएकाले दशगजामा समस्या देखिएको छ ।

भारतीय पक्षले नेपाल-भारतको दशगजा क्षेत्रमा घर, टहरा बनाएर बसोबास गर्ने र गाई गोरु बाँध्ने गरेकाले नेपाल-भारत सीमाक्षेत्र छुटचाउन समस्या भएको भन्दै सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले राससलाई भन्नुभयो, "हराएका सीमास्तम्भका कारण दशगजा क्षेत्रमा देखिएको समस्या समाधान गर्ने भनेर भारतीय समकक्षीसँग बेलाबेलामा कुराकानी भइरहेको छ ।"


प्रदेश २ को आठ जिल्लाामध्ये कतिपय जिल्लामा सीमावर्ती दशगजा क्षेत्र मिचेर भारतीय नागरिकहरूले खेतीपाती गरेका, घर टहरा बनाएर गाईगोठ बनाएका र बसोबास गरिरहेका समेत सार्वजनिक भएको छ । सिरहाको इनर्वा टोलमा भारतीय नागरिक दशगजा अतिक्रमण गरी कटेरा निर्माण गरेर बसिरहेका छन् । माडरस्थित लचका टोलको दशगजाभित्र भारतीय नागरिकले जग्गा अतिक्रमण गरी खेतीपाती गर्ने गरेको, लग्दी गोठ टोलमा पूरै दशगजा क्षेत्र अतिक्रमण गरेको, लग्दी गदीयानीदेखि सन्हैठा गाउँसम्म दशगजा क्षेत्र नै अतिक्रमण गरी खेतीपाती गर्ने गरेको, इनर्वास्थित अभय नगरदेखि ठाडीसम्म भारतीय पक्षले दशगजा क्षेत्रमा घर टहरा बनाएर बस्ती बसालेको र ठाडीमा भारतीय भन्सार कार्यालय अफिस राखेको छ ।

सिरहाकै लग्दीगोठमा सीमास्तम्भ नभएपछि दशगजा क्षेत्र मिचेर करिब ५० भारतीय घरपरिवार बस्दै आएका छन् । बरियारपट्टी लदनियाँमा रहेको २५३ नम्बरको सीमास्तम्भ सात मिटर नेपालतर्फ भारतीय पक्षले सारेर नेपाली भूमि अतिक्रमण गरेको छ । सीमापारि रहेका भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानहरूले यसप्रति उदासीनता देखाएको र उनीहरूले नै नेपाली भूमि अतिक्रमण गरेको बरियापट्टीका स्थानीयवासीको आरोप छ ।

यसैगरी धनुषाको पश्चिमी सीमामा रहेको महिनाथपुरमा समेत भारतीय पक्षले दशगजामै माटो खसालेर अतिक्रमण गरेको छ । यसरी प्रदेश २ को आठ जिल्लाअन्तर्गत पूर्वमा सप्तरीको गोबरगाढादेखि पश्चिमको पर्सा जिल्लाको ठोरी गाउँसम्म ४६४ किलोमिटंर सीमा क्षेत्रलाई छुटचाइएको सीमास्तम्भमध्ये ८४९ सीमास्तम्भ हराएपछि सीमा सुरक्षालाई लिएर कतिपय सवाल उठिरहेको स्थानीयवासी बताउँछन । सिरहा र धनुषामा मात्र होइन यो समस्या प्रदेश २ को आठ जिल्लामै रहेको देखिन्छ ।

स्थानीय प्रशासन, जनप्रतिनिधि तथा सम्बन्धित निकायको टाउको दुखाइ बनेको नेपाल भारतबीच देखिएको सीमा समस्यालाई दीर्घकालीन समाधानतर्फ दुवै देशका सरकार गम्भीर हुनुपर्ने जानकारहरूको भनाइ छ । 'जिपिएस सिस्टम'बाट कहाँ कहाँ सीमास्तम्भ छन् भन्नेबारे वैज्ञानिक सीमाङ्कन हुनुपर्ने सीमाक्षेत्रका बासिन्दाको माग छ ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*